नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

फोन: ०१०-५४०१३१ कार्यालय
०१०-५४०१३२ प्र.जि.अ.
०१०-५४००१९ हटलाईन
फ्याक्स: ०१०-५४०१३३
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: www.daorasuwa.moha.gov.np
धुन्चे, रसुवा

पत्र संख्या : ०७६/७७
चलानी नम्बर :

मितिः- २०७६/१२/१६

## विशेष अनुरोध ।

विश्वमा महामारीको रुपमा फैलिएको कोभिड-१९ को रोकथाम तथा नियन्त्रण गर्ने विषयमा जिल्लास्तरमा स्थानीय प्रशासन तथा अन्य सरोकारवाला निकायको समन्वयमा सचेतना अभिवृद्धि, कोभिड-१९ स्वास्थ्य जाँच पूर्वाधार निर्माण (हेल्थ डेस्क, क्वारेन्टाईन तथा आईसोलेसन) लगायत जिल्लामा संक्रमण जोखिमको विस्तारलाई रोकथाम तथा नियन्त्रण गर्न विभिन्न पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण र कार्यान्वयन भईरहेका छन् । पछिल्लो अवस्थामा मिति २०७६/१२/१० गते यस कार्यालयबाट जारी भएको आदेश कार्यान्वयनमा सबैको सकारात्मक प्रतिक्रिया आईरहेको छ । कोभिड-१९ को रोकथाम तथा नियन्त्रणलाई थप प्रभावकारी बनाउने र आपूर्ति व्यवस्थापनलाई सहज बनाउने उद्धेश्यले मिति २०७६/१२/१६ गते माननीय गृह मन्त्रीज्यूको अध्यक्षतामा विभिन्न सरोकारवाला समेतको उपस्थितिमा बसेको बैठकबाट देहाय बमोजिमका निर्णय भएकाले यस जिल्लामा प्रभावकारी कार्यान्वयनका लागि सबैमा विशेष अनुरोध गरीएको छ ।

### निम्नः

१. आपूर्ति व्यवस्थापनको नेतृत्व सबै स्थानीय तहले लिने ।
२. दैनिक उपभोग्य बस्तु तथा औषधी लगायतका सामग्रीहरु बिक्री वितरण गर्दा न्यूनतम १ मिटरको दुरी कायम गर्ने (Social Distancing) गरी स्थानीय तहले मापदण्ड बनाउने ।
३. आपूर्ति व्यवस्थापनलाई सहज बनाउन प्रत्येक वडाका वडाध्यक्षको संयोजकत्वमा स्थानीय प्रहरीको प्रतिनिधित्व हुने गरी समिति गठन गर्ने ।
४. वडास्तरीय समितिले आफ्नो वडा भित्र रहेका हालको स्थितिमा रोजगारीको अभावमा गुजारा चलाउन नसक्ने व्यक्तिहरुको लगत संकलन गर्ने ।
५. स्टोर वा बिक्रेताले बिक्री गर्दा न्यूनतम दैनिक उपभोग्य बस्तुहरु रहने गरी Combo Package बनाई बिक्री वितरण गर्ने ।
६. हालको स्थितिमा रोजगारीको अभावमा गुजारा चलाउन नसक्ने व्यक्तिहरुलाई वडास्तरीय समितिले सहयोग स्वरुप न्यूनतम दैनिक उपभोग्य बस्तुहरुको Package उपलब्ध गराउने । सहयोगको Package बनाउँदा ४ जनासम्म सदस्य भएको परिवार र ४ जना भन्दा बढी सदस्य भएको परिवारलाई पुग्ने गरी २ प्रकारको बनाउने ।
७. कुनै निकाय/संघ/संस्था/व्यक्तिले सहायता दिन चाहेमा सम्बन्धित स्थानीय तहमा सम्पर्क राख्नुपर्ने । स्थानीयतहले तोकेको मापदण्ड अनुसारका सहयोग सामग्रीहरु भएमा मात्र स्थानीय तहले स्वीकार गरी वडास्तरीय समिति मार्फत वितरण गर्ने । सो को विवरण अनिवार्य रुपमा यस कार्यालयमा पठाउने ।
८. सहायताको नाममा कसैलेपनि चन्दा उठाउन वा आफुखुशी सहायता वितरण गर्न नपाउने र वितरणमा दोहोरोपना हुन नदिने ।

२०७६/१२/१६

सपना कुमारी भट्टराई
सहायक प्रमुख जिल्ला अधिकारी